नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(ग्रामिण विकास समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

फोन: ४२००५११, ४२००३०८

इमेल: lbss_mld@yahoo.com

पत्र संख्या:- ०७३।७४

चलानी नं.:- ५९८

मिति:- २०७४।०१।१४

विषय: स्थानीय तहको व्यवस्थापन, सञ्चालन तथा सेवा प्रवाहको प्रभावकारिताको लागि सुझाव उपलब्ध गराउने सम्बन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै (७५)
श्री गाउँपालिका/नगरपालिका, सबै (७४४)।

प्रस्तुत विषयमा राज्य पुनर्संरचनाको क्रममा केन्द्रमा रहेका राजनीतिक, प्रशासनिक र वित्तिय अधिकार जनताको नजिक रहेको स्थानीय सरकारसम्म पु-याउने संवैधानिक उद्देश्य अनुरुप स्थानीय तहको काम कारवाहीलाई चुस्त दुरुस्त र थप प्रभावकारी बनाउन देहायका विषयहरूमा त्यहाँको सुझाव मिति २०७४ वैशाख २० गते भित्र उपलब्ध गराइदिनु हुन मिति २०७४।१।१४ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

१. स्थानीय तहको सेवा प्रवाह र कार्यालय व्यवस्थापन
२. जनशक्ति व्यवस्थापन र कर्मचारी समायोजन
३. चालु आर्थिक वर्षको विकास निर्माणको प्रभावकारी कार्यान्वयन
४. स्थानीय तहको वित्तीय स्रोत व्यवस्थापन र आर्थिक कारोवार सञ्चालन
५. स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन
६. संघ तथा प्रदेशसँग स्थानीय तहको सम्बन्ध र समन्वय
७. केन्द्रद्वारा सञ्चालित योजना र कार्यक्रम तथा जिल्लास्थित विषयगत कार्यालयहरूको काम स्थानीय तहमा जाँदा हुने जनशक्ति, बजेट र भौतिक सम्पत्तिको हस्तान्तरण सम्बन्धि विषय
८. स्थानीय तह सञ्चालनमा देखिएका कानुनी, नीतिगत, व्यवस्थापकीय र अन्य विषयहरू
९. संघीयता कार्यान्वयन र स्थानीय तहको व्यवस्थापन सम्बन्धी मन्त्रालयसँग अपेक्षा गरेका अन्य सान्दर्भिक विषयहरू ।

पुनश्चः उल्लिखित विषयको विवरण यस शाखाको ई-मेल **lbss_mld@yahoo.com** मा पठाउनु होला ।

..................
विजयराज सुवेदी
(उप-सचिव)

बोधार्थः-

श्री सूचना तथा विद्युतीय शासन शाखाः- उपर्युक्त पत्र मन्त्रालयको Website मा upload गरिदिनु हुन अनुरोध छ।
श्री LGCDP प्रादेशिक सम्पर्क इकाईहरू (सबै): समन्वय र सहजीकरणको लागि ।